# राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति

(पदपूर्ति समिति)

खुमलटार, ललितपुर

**(फोन नं. ५५२६९२७/५५५३०४९)**

**<u>खुला तथा आन्तरिक प्रतियोगिता द्वारा पदपूर्ति गर्ने संबन्धी सूचना</u>**

सूचना प्रकाशित मिति : २०७३।७।११

लोक सेवा आयोगबाट प्राप्त सहमति अनुसार यस प्रयोगशालाको सेवामा रिक्त रहेका देहायका पदहरु खुला तथा समावेशी र आन्तरिक प्रतियोगिताको माध्यम द्वारा स्थायी रुपमा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक व्यक्तिहरु बाट यो सूचना प्रकाशित भएको मितिले ३०(तिस) दिन र दोब्बर दस्तुर तिरी थप ७(सात) दिन भित्र रितपुर्वक दरखास्त पेश गर्न आह्वान गरिएको छ । दरखास्त फाराम रु. १००।-(एक सय) तिरी प्रयोगशालाको कार्यालय खुमलटार, ललितपुरबाट प्राप्त गर्न सकिनेछ । रीत नपुगेका र म्याद नाघी आएको दरखास्त माथी कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

| विज्ञापन नं. | विज्ञापनको किसिम | पद | तह | सेवा | समूह | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| ५/०७३-७४ | खुला तथा समावेशी | सहायक वैज्ञानिक अधिकृत | छैटौं | प्राविधिक | केमेष्ट्रि | खुला- १<br>महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञानमा स्नातकोत्तर वा केमेष्ट्री/ फार्मेसी/ टक्सिकोलोजी मुख्य विषय लिई विज्ञानमा स्नातकोत्तर उपाधी प्राप्त गरेको वा विज्ञानमा स्नातक तहको परीक्षा उत्तीर्ण गरि विधि विज्ञानको कुनै विषयमा डिप्लोमा /कम्तीमा ६ महिनाको तालिम/सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव प्राप्त गरेको । |
| ६/०७३-७४ | आन्तरिक प्रतियोगिता | वैज्ञानिक अधिकृत | सातौं | प्राविधिक | जीव विज्ञान | आ.प्र.-१ | छैटौं तहको पदमा ३ वर्ष सेवा अवधि पुरा भएको र उक्त तहको सेवा प्रवेशको न्यूनतम् शैक्षिक योग्यता हासील गरेको । |
| ७/०७३-७४ | खुला (समावेशी) | सहायक वैज्ञानिक अधिकृत | छैटौं | प्राविधिक | भौतिक विज्ञान | महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञानमा स्नातकोत्तर वा फिजिक्स/केमेष्ट्री /स्टाटिस्टिक्स मुख्य विषय लिई विज्ञानमा स्नातकोत्तर उपाधी प्राप्त गरेको वा विज्ञानमा स्नातक तहको परिक्षा उतीर्ण गरि विधि विज्ञानको कुनै विषयमा डिप्लोमा/ कम्तीमा ६ महिनाको तालिम/सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव प्राप्त गरेको । |
| | | | | | | | |

परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता ।

परीक्षा दस्तुर : अधिकृत सातौं तहको लागि रु. ८००।-(आठ सय)

: अधिकृत छैटौं तहको लागि रु. ७००।-(सात सय)

(एउटै विज्ञापन अन्तरगत प्रत्येक समावेशी समूहमा दरखास्त पेश गर्दा थप रु. ३००।-(तीन सय)

उमेरको हद : २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको । प्रयोगशालामा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

तलव तथा सुविधा : प्रयोगशालाको नियमानुसार ।

दरखास्त दिने अन्तिम मिति : २०७३।८।१० सम्म र दोब्बर दस्तुर २०७३।८।१७ गतेसम्म । दरखास्त पेश गर्ने अन्तिम दिन (दोब्बर दस्तुर बाहेक) सार्वजनिक बिदा परेमा, सो पछि कार्यालय खुलेको दिन ।

लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

लिखित परीक्षाको कार्यक्रम पछि गोरखापत्रमा प्रकाशन गरिनेछ ।

लिखित परीक्षाको पाठ्यक्रम प्रयोगशालाको website. www.forensic.gov.np मा हेर्न सकिनेछ ।

**<u>पुनश्च :</u>**

१. दरखास्त फाराम साथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धांक पत्र वा ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र (उमेर खुलेको), आफूले प्राप्त गरेको तालीमको प्रमाणपत्र र काम गरेको अनुभवको प्रमाणपत्रको प्रतिलिपिका साथै विज्ञापनसंग संबन्धित पदको दरखास्त दस्तुर बुझाएको नगदी रसिद समेत पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयंले सक्कल बमोजीम नक्कल ठिक छ भनी दस्तखत गर्नुपर्नेछ ।

२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालीम, अनुभव तथा नोकरी अवधिको प्रयोजनको लागि गणना गरिने छैन ।

(सचिव)

पदपूर्ति समिति